BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Reviewed Research Journal*
ISSN: 2594-3421

# कन्ट्र्याक्ट कथामा विश्वदृष्टि

**डा. कृष्णप्रसाद सापकोटा***
ksapkota917@gmail.com

**सारसङ्क्षेप**

*'कन्ट्र्याक्ट' कथा महेशविक्रम शाहको **ज्याक्सन हाइट** कथासङ्ग्रहमा सङ्कलित कथा हो। यस कथालाई लुसिए गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यताका आधारमा विश्लेषण गरिएको छ। समाजशास्त्रका विभिन्न मान्यताहरूमध्ये विश्वदृष्टि पनि एक हो। यसमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको आगमनपश्चात् नेपालीहरू विदेशिने प्रवृत्ति अत्यन्तै मौलाएर गएको परिप्रेक्ष्यमा यो कथा आएको छ। नेपालमा राजनैतिक परिवर्तन पश्चात् नेपालीहरूले ठूलो आशा र भरोसा गरेका थिए तर सत्ताको बागडोर समात्ने व्यक्तिहरूले जनताका इच्छा, आकाङ्क्षालाई नबुझेर आफ्नो स्वार्थलाई मात्र महत्त्व दिएका हुनाले उनीहरूका इच्छा र आकाङ्क्षामा तुषारापात हुन पुग्यो र उनीहरू विदेशतिर पलायन हुन थाले। यसरी विदेशिएका नेपालीहरूले विदेशमा गएर पनि अनेकौँ प्रकारका दुःख र कष्टलाई ब्यहोर्नु पर्‍यो। आफ्नो र आफ्ना परिवारको सुन्दर र सुखद सपना बोकेर विदेशको भूमिमा पाइला राख्न पुगेका नेपाली नारीहरूले आफ्नो अस्मिता समेत जोगाउन नसकेको यथार्थता कथामा आएको छ। उनीहरूले तनाव र दबावको स्थितिलाई बेहोर्दै रातदिन दुःख गर्दा पनि उनीहरूको सपना पूरा हुन सकेको छैन। सम्पन्न राष्ट्रमा पुग्ने नेपालीहरूको अवस्था त यस्तो छ भने सामान्य राष्ट्रमा पुग्ने नेपालीको अवस्था कस्तो होला भन्ने कुरालाई कथाको माध्यमबाट सहजै बुझ्न सकिन्छ। यसरी विकसित राष्ट्रमा पुग्ने सन्तानका बाबुआमा वा छोराछोरीले नेपालमा बसेर जेजस्ता कल्पना गरे पनि यथार्थमा विदेशमा पुग्ने छोराछोरी वा आमाबाबुको त्यस्तो अवस्था नरहेको कुरालाई पनि कथाले मिहिन रूपमा चिरफार गर्दै विभिन्न सपना बोकेर विदेशिने नेपाली चेलीहरूले विदेशमा पुगेर गर्ने अनुभूति र त्यसबाट उत्पन्न तनाव र दबावको स्थितिलाई समेत कथामा राम्रोसँग विश्लेषण गरिएको छ। अन्त्यमा देशको बिग्रँदो राजनीतिक परिवेशको स्थितिबाट देशले निकास पाउनु पर्दछ र सम्पूर्ण नेपालीले विदेशमा गएर दुःख होइन आफ्नै देशमा रम्दै बाँच्न र हाँस्न पाउनु पर्ने स्थिति सिर्जित हुनुपर्दछ भन्ने आशावादी दृष्टिकोणलाई कथामा प्रस्तुत गरिएको छ।*

**शब्दावली** : *विश्वदृष्टि, वर्गचेतना, संरचनावाद, परावैयक्तिक चेतना, समानधर्मिता, विश्वजनित, अन्तर्वैयक्तिक, सुसङ्गत, एकात्मकता, त्रासदीय दृष्टि, वाङ्मय।*

## १. विषय परिचय

कथाकार महेशविक्रम शाह (२०२२) आधुनिक नेपाली कथालेखनमा अग्रणी स्थानमा रहेको पाइन्छ। उनका कथामा राष्ट्र र अन्तर्राष्ट्रमा देखिएका विकृति, विसङ्गतिहरू, विदेशको रहनसहन र विदेशमा बस्ने नेपालीहरूले खेप्नु परेका पीडा, विदेशमा छोराछोरी पठाएर नेपालमा बाबुआमाले बेहोर्नु परेका मानसिक द्वन्द्व, विदेशमा दुःखको भुमरीमा जकडिएर पनि नेपालमा देखाउने सानलाई समेत यथार्थ रूपमा आफ्ना कथामा देखाउन उनी साह्रै सिपालु छन्। राष्ट्र र अन्तर्राष्ट्रिय परिवेशमा नेपालीहरूले पाएको पीडालाई देख्दा उनको आत्मा रुन्छ र त्यसैलाई गहिरिएर खोतल्दै सामाजिक सुधार, राजनीतिमा स्थायित्व, शान्ति, नेपालमा नै काम गरेर खाने परिवेश र नेपाली जनताको समृद्धिको ग्यारेन्टी गर्ने वास्तविक गणतन्त्रतर्फको कामना उनका कथामा रहेको छ। कथाकार शाहले आफ्ना सिर्जनाहरूमा प्रशस्त मात्रामा आफ्नो धर्तीको माटोको सुगन्ध र आफ्नो जनजीवनको यथार्थलाई चित्रण गरेको भए पनि विदेशमा बस्ने नेपालीहरूले भोगेका पीडा र मर्मलाई पनि आफ्ना कथामा महत्त्वपूर्ण स्थान दिएका छन्। उनका कथाहरूलाई हेर्दा प्रस्तुति, अभिव्यक्ति र शैली तथा कथागत स्वरूपहरूको समष्टिमा नै नेपाली धर्ती, नेपाली मानिसको मुटुको धड्कन र तिनको सांस्कृतिक परम्पराको सुगन्धलाई राम्रैसँग अनुभव

* Dr. Sapkota is Reader in Nepali Department at Birendra Multiple Campus

गर्न सकिन्छ। सामाजिक परिवर्तनका नाममा भए–गरेका आन्दोलनले यथार्थमा नेपाली जनताका इच्छा र आकाङ्क्षालाई सम्बोधन गर्न नसकेको कारणले अझ बढी नेपाली जनताका छोराछोरी दिनानुदिन विदेशतिर पलायन हुन बाध्य भएको, राष्ट्रियता झन्झन् धरापमा पर्दै गएको, राजनीतिक दलमा जनताको विश्वास हराउँदै गएको, निराशा, आक्रोश, शङ्का–उपशङ्का बढ्दै गएको कुरालाई कथामा उजागर गर्दै घात–प्रतिघात, हिंसा, दमन, प्रतिशोधका भावनालाई हटाएर नेपाली जनताका भावना र मर्मलाई बुझ्दै अगाडि बढ्नु पर्ने सन्देश उनका कथाले दिएका छन्। यिनै मान्यतालाई अगाडि बढाउने शाहको 'कन्ट्र्याक्ट' कथा **ज्याक्सन हाइट** कथासङ्ग्रहमा सङ्ग्रहित छ। प्रस्तुत कथालाई समाजशास्त्रीय व्याख्याता लुसिए गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई आधार बनाएर विश्लेषण गरिएको छ। समाजशास्त्र अध्ययनका विभिन्न आधार भए पनि यसमा विश्वदृष्टिलाई नै मुख्य आधार मानिएको हुँदा यही नै यसको सीमा पनि हो।

## २. विश्लेषणको सैद्धान्तिक आधार

लुसिए गोल्डमान (इ. १९१३–१९७१) फ्रान्सेली साहित्यिक व्यक्तित्व हुन्। यिनको साहित्यलेखन खासै लामो नभए पनि यिनले दर्शन, मनोविज्ञान, साहित्य समाजशास्त्रका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। साहित्यलेखनको प्रारम्भमा मार्क्सवादी मान्यताबाट प्रभावित भए पनि पछिल्लो समयमा मार्क्सवादको वर्गसङ्घर्ष र वर्गचेतनासम्बन्धी दृष्टिकोणमा भिन्न विचार राख्दै यिनले आफ्नो साहित्यसम्बन्धी मान्यतालाई शास्त्रीय स्वरूप दिने कार्य गरेका छन्। त्यसैले यिनलाई साहित्यिक समाजशास्त्रका प्रमुख व्याख्याताका रूपमा लिने गरिन्छ।

साहित्यको समाजशास्त्रको मूलभूत उद्देश्य समाज र साहित्यका बीचको सम्बन्धको खोज हो। त्यही सम्बन्धको खोजमा गोल्डमानले नवीन चिन्तनको खोज गरेका हुन्। यिनको सिद्धान्त वा मान्यतालाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ। यिनले यो सिद्धान्त निर्माण गर्दा लुकाचको समग्रता, विश्वदृष्टि र परावैयक्तिक चेतना, पिजेको सार्थक संरचना प्रकार्य तथा चेतना र वस्तुबीचको सम्बन्ध एवम् संरचनावादको समानधर्मिताको धारणाबाट प्रभाव ग्रहण गरेको पाइन्छ, तर यिनले तिनको उपयोग र व्याख्या भने आफ्नै पाराले गरेका छन्। उप्रेतीले एउटै साहित्य पढ्दा, एउटै शब्द प्रयोग गर्दा पनि विभिन्न मानिसले त्यस साहित्यको र शब्दको अर्थलाई केही न केही भए तापनि फरक किसिमले बुझेका हुन सक्छन् (२०८६ : १५) भन्ने दृष्टिकोण राख्नुले पनि विश्वदृष्टिको मान्यतालाई केही रूपमा भए पनि उजागर गर्ने प्रयास गरेको पाइन्छ। गोल्डमानको दृष्टिकोण के छ भने हरेक कृति लेखकको सिर्जना हो। त्यसले लेखकका विचार वा अनुभूतिलाई व्यक्त गर्दछ तर त्यो लेखकको नितान्त आफ्नो भने हुँदैन। त्यसैले त्यसमा व्यक्ति विशेषका आ–आफ्नै प्रकारका दृष्टिकोणहरू रहन सक्छन्। लेखक आफूले देखे, जानेको, पढे, सुनेको अनि भोगेको समाज तथा वर्ग वा व्यक्तिको चिन्तनबाट प्रभावित हुन्छ। लेखकले समाजका व्यक्तिहरूका विचार वा भावसँग जोडेर कृतिमा आफ्ना विचार व्यक्त गर्ने हुनाले कृति लेखकको निजी निर्मित होइन। सामाजिक वर्गका अन्य व्यक्तिहरू पनि विश्वदृष्टिमा सहभागी हुन्छन्। एउटा वर्ग वा समुदायको पूर्णतय सम्भावित चेतनाबाट नै विश्वदृष्टिको निर्माण हुन्छ भन्ने मान्यता नै यसको प्रमुख मान्यता हो (पाण्डेय, इ. २००६ : १४८)।

विश्वदृष्टि समाजशास्त्रकै मान्यतामा आधारित एउटै अनि छुट्टै र फरक दृष्टिकोण पनि हो। गोल्डमानका विचारमा एउटा वर्ग वा समूहको जीवन–जगत्का सम्बन्धमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो। विश्वजनित परिवेशमा एउटा समूह वा वर्गले अर्को समूह वा वर्गसँग कुनै न कुनै रूपको सम्बन्ध राखेको हुन्छ। त्यही सामूहिक भाव वा विचारको एउटा व्यवस्थाले संरचनाको निर्माण गर्दछ। उनका अनुसार कृतिहरू अन्तर्वैयक्तिक सम्बन्धका जटिल तन्त्र हुन्। व्यक्ति वा समाज नै कृतिको विषय हुन्छ तर नितान्त एक्लो व्यक्ति वा मान्छे कृतिको विषय हुन सक्दैन। "व्यक्ति वा लेखकले आफूले अनुभूत गरेका वा देखे–भोगेका वा सुनेका कुराबाट कृतिको निर्माण गर्दछ (जैन, इ. १९९२ : ४७)। भिन्न–भिन्न पेशा, वर्ग, परिवार, परिचित, अपरिचित, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रका समूहमध्ये प्रत्येकले एक–अर्काको चेतनामा प्रभाव

पार्दछन् । त्यही प्रभावबाट स्रष्टामा एउटा अनौठो, जटिल तथा विशृङ्खलापूर्ण संरचनाको निर्माण हुन्छ । तर यसको विपरीत जब एकै प्रकारका सामाजिक समूहका व्यक्तिहरूको ठूलो सङ्ख्यामा अध्ययन गरिन्छ तब त्यसबाट अद्भूत मनोवैज्ञानिक तत्त्वले एक–अर्कालाई काट्छन् र एउटा सुसम्बद्ध, सशक्त चेतनागत संरचनाको विकास हुन्छ । यही सशक्त वा सुसम्बद्ध चेतना नै रचनाको यथार्थ विषय बन्न पुग्दछ । यही सुसम्बद्ध विषय स्रष्टाको माध्यमबाट ऊ कृतिसँग जोडिन्छ र त्यसबाट साहित्यिक कृतिको अन्तिम अर्थ प्राप्त हुन्छ । "समाजमा वर्ग वा समूहको मानसिक संरचनामा आन्तरिक एकता रहेजस्तै साहित्यकारका कृतिमा व्यक्ति विश्वदृष्टि र समाजको विश्वदृष्टिमा एकात्मकता रहेको हुन्छ" (क्षत्री, २०६४ : ५०) ।

विश्व वाङ्मयका क्षेत्रमा देखिएका विभिन्न रचनामा पनि विश्वदृष्टि एउटै हुन्छ । दर्शन, कला, साहित्यमा भिन्नाभिन्नै रूपमा विश्वदृष्टि प्रकट भए पनि यथार्थमा विश्वदृष्टि एउटै हुन्छ । यस किसिमको विश्वदृष्टि एउटा निश्चित कालखण्डमा एउटा वर्गको विचार, अनुभूति र व्यवहारको समग्रमा प्रकट हुन्छ (पाण्डेय, इ. २००६ : १४८) । यथार्थमा विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहित हुन्छ तर यो साहित्यमा मात्र नभएर दर्शन, कला जुनसुकै विषयसन्दर्भमा पनि प्रकट हुन्छ । त्यसैले विश्वदृष्टिको खोज वा त्यस समयलाई बुझ्न त्यस समयका व्यक्तिलाई जान्न कृतिको अध्ययन गर्नुपर्दछ । त्यसैले गोल्डमान के कुरा व्यक्त गर्दछन् भने कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको संरचनाको समानधर्मिता हुन्छ । एउटा समाजशास्त्रीले यही समानधर्मिताको खोज गर्नुपर्दछ । उनका दृष्टिकोणमा एउटा व्यक्तिको विचार वा अनुभव यति सानो र सीमित हुन्छ कि त्यसबाट सार्थक मानसिक संरचना/ विश्वदृष्टिको विकास सम्भव हुँदैन । कुनै पनि कृति पढ्दा कहीँ त्रासदीय दृष्टि, कहीँ विद्रोहको चेतना, कहीँ घृणाको भाव किन र कसरी पैदा हुन्छ भन्ने सम्बन्धमा साहित्यको समाजशास्त्रीले समाधानको अध्ययन गर्नुपर्दछ । यसमा उनको धारणा के छ भने समाजशास्त्रीले अध्ययनको विषय बनाउँदा कृतिलाई रूपको दृष्टिकोणबाट नहेरेर अर्थको दृष्टिकोणबाट हेर्नुपर्दछ ।

यसरी लुसिए गोल्डमानले कुनै पनि साहित्य र इतिहासका बीच विश्वदृष्टिका स्तरमा संरचनात्मक सम्बन्धको खोज गरेका छन् । प्रस्तुत अध्ययनमा पनि गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई आधार मानेर **कन्ट्र्याक्ट** कथाको विश्लेषण गरिएको छ ।

## ३. कन्ट्र्याक्ट कथाको विश्लेषण

प्रस्तुत लेखमा कथाकार महेशविक्रम शाहको **कन्ट्र्याक्ट** कथाको विश्लेषण गरिएको छ । विश्लेषणका सन्दर्भमा उक्त कथामा के–कस्तो परिवेश र परिस्थितिहरूले काम गरेका छन् र ती परिवेश र परिस्थितिका घटना सन्दर्भहरूले नेपाली जनमानसको, नेपाली समाजको अनि विदेशमा बस्ने नेपाली र नेपालमा बस्ने बाबुआमा, छोराछोरीको दृष्टिकोण के छ ? त्यसलाई के र कसरी चित्रण–वर्णन गरिएको छ भन्ने कुराका साथै त्यसरी चित्रित घटनाक्रमले समाज र समुदायमा के–कस्तो प्रभाव पार्न सक्छन् भन्ने सन्दर्भमा कथालाई विभिन्न आधारमा विश्लेषण गर्न सकिने भए पनि प्रस्तुत लेखमा विश्वदृष्टिको मान्यताबाट हेर्ने प्रयास गरिएको छ ।

### ३.१ कन्ट्र्याक्ट कथाको घटनासन्दर्भ

'कन्ट्र्याक्ट' कथा **ज्याक्सन हाइट** कथासङ्ग्रहमा सङ्कलित कथा हो । २०६९ सालमा पहिलोपटक प्रकाशित प्रस्तुत सङ्ग्रहको समय नेपालमा एउटा सामाजिक द्वन्द्व निष्कर्षमा पुगेर देशमा एउटा शान्ति, अमनचयनको आशा र विश्वास लिने समय पनि थियो । यसभन्दा अगाडि नेपालमा चलेको एउटा सशक्त द्वन्द्वको आन्दोलनले विश्राम लिएर नेपाली जनताका इच्छा–आकाङ्क्षालाई सम्बोधन गर्न सक्ने बेला भएको भए पनि सशस्त्र युद्धका अवशेषहरू पनि नेपाली जनताका मन–मस्तिष्कमा पूर्णरूपमा हटिसकेको भने थिएन । युद्धको समाप्तिपछि देशमा विकास र शान्तिले स्थान पाउने आशामा बसेका नेपालीले यस समयसम्म आइपुग्दा पनि कहीँ–कतैबाट पनि देश त्यस दिशातिर उन्मुख हुन

नसकेको देखेपछि उनीहरूका आशा र भरोसामा तुषारापात हुन पुग्यो र बिस्तारै उनीहरू विदेशतिर पलायन हुन थाले। नेपाली जनताका आशा र विश्वासका धरोहरहरू जनताका बारेमा भन्दा पनि आफ्नो र आफन्तका बारेमा चिन्तित हुन लागेपछि सचेत नेपालीहरूले विदेशको बाटोलाई रोज्नु बाध्यात्मक परिस्थिति बनेर सबैको अगाडि देखापऱ्यो। देश र जनताको हक र हितमा भन्दा पनि आफ्नो र आफन्तहरूको हक र हितमा लागेका राजनीतिकर्मीहरूलाई नेपाली जनताले विभिन्न कोणबाट नियाली रहेका थिए। यस्तो परिवेशमा देशमा बसेर आफ्नो र परिवारको भविष्य उज्यालो हुने नदेखेपछि जुनसुकै रूपमा ऋण, धन गरेर विदेशमा गएर आर्थिक र सीपको विकास गरेर परिवारको शिक्षादीक्षा पूरा गर्ने सपना बोकेर विदेशी भूमिमा पुगेका नेपालीहरूले भोगेका कथा, व्यथा र नेपाली मानसिकता नै प्रस्तुत कथाको घटनासन्दर्भ बनेको छ। यस कथाका लेखक नेपाल प्रहरी अधिकृत तथा नेपाल सरकारका उच्च पदस्थ कर्मचारीका हैसियतले पनि यिनले विदेशमा जाने अवसर प्राप्त गरे। विदेशमा गएर आफ्नो फुर्सदको समयमा नेपालीहरूलाई भेट्ने र नेपालीहरूका पीडालाई नजिकबाट नियाल्ने अवसर पनि प्राप्त भयो। विदेशमा गएका केही नेपालीहरूले आर्थिक उन्नति गरे पनि मानसिक रूपमा उनीहरू पनि सन्तुष्ट हुन सकेका छैनन् भने धेरै नेपालीहरूले त आफ्नो स्वाभिमानलाई नै दाउमा लगाउनु परेको परिस्थितिलाई देखेर, महिलाहरूको अवस्थालाई देखेर, उनमा एउटा आहतको महसुस भएपछि त्यसलाई कथाको रूपमा व्यक्त गरेको पाइन्छ। तनाव र दवावको अवस्थामा विदेशमा बस्न बाध्य नेपालीहरूको मिहिन तरिकाले उनका कथामा चिरफार भएको छ। नेपालीहरूको यस्तो अवस्थाको सिर्जना हुनुमा लेखक राजनीति गर्ने व्यक्तिहरूले दूरदृष्टि पुऱ्याउन नसकेको अनुभूत गर्दछन्। कथामा विदेश जाने व्यक्तिविशेषले भोगेका यथार्थलाई एकातिर चित्रण गरिएको छ भने अर्कोतिर नेपालमा बसेर आफ्ना छोराछोरी, बाबुआमाले गर्ने सुखद कल्पनालाई देखाइएको छ। वर्तमान सन्दर्भमा सर्वसाधारण जनताका पिरमर्कालाई एकातिर पन्छाएर आफ्ना स्वार्थलाई मात्र अगाडि ल्याउने संस्कृति नेपाली समाजमा मौलाएको हुनाले नेपालीहरूका छोराछोरी विदेशमा गएर अनेकौँ दुःख र कष्ट झेल्नु परेको कुरालाई कथाको प्रारम्भमा नै यसरी चर्चा गरिएको छ :

> *भान्छामा खाना तयार थियो तर रिचर्ड आइपुगेको थिएन। ऊ युट्युबमा नेपाली भिजुअल गीतहरू हेर्दै रिचर्डलाई कुरिरहेकी थिई। उसको जिउ थकाइले लखतरान भएको थियो। बाल्टिमोर सिटी सेन्टरको फास्टफुडमा सधैँ घण्टौँ उभिएर काम गर्नुपर्दा कम्मर र खुट्टा भाँचिएलानझैँ हुन्थे। आफ्नो जीविकाका लागि एकछिन विश्राम नलिई काम गर्नु उसको बाध्यता थियो र यसैसँग उसको आवश्यकता पनि जोडिएको थियो* (२०६९ : ५६)।

प्रस्तुत अभिव्यक्ति कथाकारको कल्पनामात्र नभएर विदेशमा बाध्यात्मक रूपमा जाने नेपाली वर्गविशेषका जनताको र यस कालखण्डमा देखिएको विदेश जाने संस्कृतिलाई व्यक्त गर्ने संरचना पनि हो। यो व्यक्तिविशेषको परिकल्पनामात्र नभएर यथार्थसँग सम्बन्धित पनि छ। यो विदेश बस्ने एकल नेपालीले भोगेको पीडा मात्र नभएर सम्पूर्णका भोगाइको अभिव्यक्ति पनि हो। दिनानुदिन शिक्षित, अशिक्षित, धनी, गरिब जोकोही पनि नेपालमा केही छैन, कुनै कुराको ग्यारेन्टी छैन, यहाँ बस्नुभन्दा विदेशमा गएर शान्तिसँग बाँच्दै दुई–चार पैसा कमाउने र आफ्ना बालबच्चाको उज्ज्वल भविष्यको कल्पना गर्दै विदेश जाने संस्कृतिले आज देशलाई र नेपाली जनतालाई निरीह र दयालाग्दो अवस्थामा पुऱ्याएको छ। कुनै सामान्य कुरा पनि सहज रूपमा देशका नागरिकले नपाउने परिस्थितिले गर्दा नेपालीहरूमा तनाव र दवाबको स्थिति सिर्जना भएको छ। व्यक्तिविशेष वा आम नेपालीका इच्छा, आकाङ्क्षालाई एकातिर पन्छाएर तेरो र मेरो भन्ने राजनीतिक परिवेशले नेपालीहरू मर्माहत भएका छन् र जस्तोसुकै कठीन मेहनत गर्नु परे पनि विदेशलाई नै रोज्ने परिवेश सिर्जित भएको छ। यसरी गएका वा लगिएका नेपालीहरूले विदेशमा गएर पनि सहज रूपमा काम नपाउने, सहज रूपमा काम पाउन त्यहाँको स्थायी वासिन्दाको प्रमाण–पत्र हुनुपर्ने, सामान्य रूपमा त्यहाँको सरकारले स्थायी वासिन्दाको प्रमाण–पत्र नदिने, त्यसको लागि त्यहाँका वासिन्दालाई कन्ट्र्याक्टको रूपमा वा लोग्नेको रूपमा स्वीकार्नु पर्ने, उनीहरूले

जे मन लाग्यो त्यही गरेर दुःख दिनेजस्ता कुराहरू विदेशमा जाने महिला नेपालीहरूले भोगेको यथार्थलाई कथामा मिहिन रूपमा चर्चा गरिएको छ। यसै सन्दर्भमा समाख्याता भन्दछन् :

> *यो सम्झौता निश्चित समझदारीमा आधारित थियो। ऊसँग विवाह गरेवापत रिचर्डलाई उसले एक वर्षसम्म पाल्नुपर्ने थियो र विवाहको कागजातमा हस्ताक्षर गरिसकेपछि पाँच हजार अमेरिकी डलर दिनुपर्ने थियो। कानुनी रूपमा रिचर्डकी स्वास्नी भइसकेपछि ऊ अमेरिकाको स्थायी वासिन्दाको प्रमाण–पत्र पाउँथी। त्यसपछि ऊ राम्रो कमाइ हुने काम पाउन सक्थी र उसका बग्रेल्ती सपनाहरू पूरा हुन सक्थे। पछि ऊ रिचर्डलाई डिभोर्स दिएर स्वतन्त्र हुन सक्थी* (२०६९ : ५९)।

प्रस्तुत अभिव्यक्तिले नेपालीहरूले विदेशमा पाउने दुःख, उनीहरूका चाहना र सपनालाई मुखरित गरेको छ। आफ्नो र परिवारको भविष्यको लागि मानिसले कतिसम्मको समस्यालाई झेल्नु पर्दछ भन्ने कुरालाई माथिका अभिव्यक्तिले देखाएका छन्। विदेशमा आफूले पाउनसम्मको सास्ती पाएर पनि नेपालमा उसले घरपरिवारका व्यक्तिलाई सुख पाएको देखाउनु पर्ने परिस्थिति उनीहरूको छ। त्यसैले गोल्डमानको दृष्टिकोणअनुसार कुनै पनि कुरा वास्तविक नभएर छद्म हुन्छ। मान्छे छली हो र उसको विचार महा छली हो। उनी वर्गलाई आर्थिक वर्गका रूपमा भन्दा सामाजिक वर्गका रूपमा लिन्छन्। समाजशास्त्रको लक्ष्य भनेको कृतिको आन्तरिक एकतामा उसको विश्वदृष्टिको खोज र त्यस विश्वदृष्टिसँग मूलभूत रूपमा सामाजिक समूहको विश्वदृष्टिको सम्बन्धको विवेचना हो भनेझैँ नेपाली समाजमा मौलाउँदै गरेको विदेशप्रतिको मोहलाई राष्ट्रियताका रूपमा र सचेत नेपालीका चेतनामा देशमा राजनीतिक स्थायित्वको अभाव र देशको बिग्रदो आर्थिक अवस्थाको कारण हो भन्ने मान्दछन्। जबजब देशमा अशान्ति, हिंसा, बेरोजगारीका समस्या सिर्जित हुन्छन्, तबतब विदेशतिर पलायत हुने नेपालीहरूको संख्या बढ्न पुग्दछ। शासन सत्ताको बागडोर हातमा लिने व्यक्तिहरूले राष्ट्रको बारेमा चिन्ता गरेको देखिँदैन। कसरी देशमा शान्तिको स्थापना गर्ने, कसरी हिंसाको अन्त्य गर्ने र कसरी बेरोजगारी समस्याको समाधान गर्ने भन्ने सोचमा कुनै पनि राजनीतिक व्यक्तिहरू लागेको देखिँदैन। बरु यसको बदलामा आफ्नो कुर्ची कसरी जोगाउने र आफ्ना मान्छेलाई कसरी माथिल्लो पदमा ठाउँ दिने भन्ने कुरामा नै उनीहरू चिन्तित बनेको देखिन्छ। यसो हुनुमा देशको आर्थिक र सामाजिकता पनि कारकको रूपमा रहेको देखिन्छ। यहाँ शिक्षा, व्यक्तिको हैसियतभन्दा पनि कसको मान्छे, कुन पार्टीको मान्छे भन्ने कुराले बढी काम गरेको हुनाले र विधिको शासन नभएको कारणले गर्दा पनि विदेशमा जाने प्रवृत्ति बढी हावी भएको देखिन्छ। यसरी आफ्नो स्वार्थभन्दा पनि राष्ट्र र नेपालीहरूको स्वार्थ, सुख, सुविधाको र जिम्मेवारीको चिन्ता हुन पर्नेमा त्यसो नभएकोले दिनानुदिन विदेशिने प्रवृत्ति मौलाउँदै गएको संस्कृतिको दृष्टिकोण विश्वदृष्टिको रूपमा रहेको महसुस गर्न सकिन्छ।

प्रस्तुत कथामा नेपाली समाजमा मौलाउँदै गएको विदेशिने प्रवृत्ति र विदेशमा नेपालीहरूले पाउने दुःख, कष्टको नमीठो यथार्थलाई देखाइएको छ। कथामा वर्णित हरेक परिवेशले देशको, विदेशमा बस्ने नेपालीहरूको, विदेशमा छोराछोरी पठाएर नेपालमा बस्ने बाबुआमाको यथार्थ वस्तुस्थितिको प्रतिनिधित्व गरेको छ। परिवेश र परिस्थितिले आज नेपालीहरूलाई निरीह बनाएको छ। जनताका हक र अधिकारका नाममा आन्दोलन गर्ने सत्तामा पुग्ने, सत्ताको बागडोर समात्ने र तिनका आसेपासेहरू एकातिर छन् भने देशका विकट ठाउँमा बसेर घरखेत बन्धकमा राखेर विदेश जाने व्यक्तिहरू अर्कोतिर छन्। हुनेखाने र हुँदाखाने बीचको विभेदलाई आजको राजनीतिक परिवेशले सम्बोधन गर्न सकेको छैन। यिनै विभिन्न परिस्थितिजन्य परिवेशमा कथाको सिर्जना भएको छ।

देशमा राजनीति परिवर्तन हुँदैमा आफैँ जनताका इच्छा, चाहना पूरा हुने होइन। त्यसको लागि दृढ विश्वासका साथ काम गर्नु पर्दछ। त्यसरी राष्ट्र र जनतालाई अगाडि राखेर दृढ विश्वासका साथ काम गर्न सकेमा बिस्तारै विदेश जाने प्रवृत्ति र नेपाली जनताले दुःख पाउने कुराको अन्त हुँदै आफ्नै देशमा र आफ्नै परिवारसँग बसेर रमाउन सक्ने परिस्थिति विस्तारै पुनः देशमा आउन सक्ने आशा र विश्वासको अभिव्यक्ति नै कथामा सृजित परिस्थिति र घटनासन्दर्भको रूपमा यहाँ अभिव्यक्त भएको छ।

## ४. कथामा अभिव्यक्त विश्वदृष्टि

प्रस्तुत कथाको घटनासन्दर्भलाई हेर्दा के कुरा स्पष्ट हुन्छ भने 'कन्ट्र्याक्ट' कथा माओवादीद्वारा सिर्जित द्वन्द्वात्मक स्थितिभन्दा पछाडि देशमा लोकतन्त्र र गणतन्त्रको प्राप्तिपछि पनि नेपालीहरू विदेसिने परिवेशसँग सम्बन्धित छ। यस कथामा विश्वदृष्टिको प्रसङ्ग पनि यही राजनीतिक परिवेशमा विदेशिने परिस्थितिसँग जोडिएर देखापरेको छ । लोकतन्त्र स्थापित भएपछि पनि देशमा शान्ति, विकास र स्थायित्वको स्थिति नदेखिएपछि नेपाली समाजका युवायुवती विदेश जाने र अनेकौँ दुःख र यातना पाउने गरेको परिवेशद्वारा निर्मित र विकसित चेतनाबाट नै प्रस्तुत कथामा विश्वदृष्टिको निर्माण भएको छ। नेपाली समाजमा एकातर्फ प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको प्राप्ति पश्चात् देशमा अमन–चयन हुन्छ, विकासको मूल फुट्छ र कसैले विदेशीको चाकडी गर्न जानुपर्दैन भन्ने सोचको विकास भएको थियो भने अर्कोतर्फ आफू प्रत्यक्ष रूपमा संलग्न भएर आएको परिवर्तनको दम्भ पनि नेपालीहरूमा विद्यमान थियो। यिनै कारणले अब दुःखका दिन गए र सुखका दिन आए भन्ने मानसिकताले पनि काम गरेको थियो। यस्तो मानसिकता बन्नुमा वर्षौंदेखि जर्जर आर्थिक अवस्थाको थिचोमिचोमा आफ्ना दमित इच्छा र आकाङ्क्षा दबाएर बसेका नेपाली जनताको सुख, सयलको शूक्ष्म आकाङ्क्षाले पनि प्रबल रूपमा काम गरेको थियो। यस्तै सोचको विकासका कारण नेपाली राजनीतिको नेतृत्व सम्हालेका जुनसुकै पार्टीका नेताहरूले जेजे गर्न भने सोझा नेपाली जनताले त्यही–त्यही काम गर्दै पनि गए। जसको परिणामस्वरूप नेपालको राजनीतिमा ठूलाठूला परिवर्तनहरू पनि भए तर सोझासाझा नेपाली जनताका इच्छा, आकाङ्क्षा भने कहिल्यै पनि पूरा हुन सकेनन्। जसले गर्दा नेपालीहरू आफ्नो देश, समाज र परिवारलाई छोडेर भक्कानिँदै विदेशिन बाध्य हुन पुगेको सन्दर्भ विश्वदृष्टिको रूपमा आएको छ।

'कन्ट्र्याक्ट' कथा विदेशी पृष्ठभूमिको सन्दर्भमा देखिए पनि यो हाम्रै समाजको यथार्थ प्रस्तुति हो। आफ्नो प्रत्यक्ष संलग्नतामा आएको वा भएको परिवर्तनपश्चात् नेपाली जनताका इच्छा, आकाङ्क्षालाई एकातिर थान्को लगाएर आफू र आफ्नाहरूको स्वार्थपूर्तिको खेलमा लागेका नेताहरूको स्वार्थलाई देख्दा उनीहरूमा नैराश्यता आउनु स्वाभाविकै देखिन्छ। आफ्नो स्वार्थको खेलमा रातदिन चिन्ता गर्नेहरूमा नेपाली जनता भोगाइ र पीडाको कुनै अर्थ छैन । उनीहरू आफ्ना स्वार्थपूर्तिमा नै तल्लीन छन्। नेपाली जनताका छोराछोरी विदेशमा आफूलाई निर्वस्त्र बनाएर आफ्नो आत्मालाई रुवाउँदै आफूलाई विदेशीको स्वार्थपूर्तिमा लम्पसार पर्न बाध्य भएको कुरालाई कथामा यसरी व्यक्त गरिएको छ :

> *बाहिर आउँदा रिचर्ड नाङ्गै थियो । ऊ मुस्कुराउँदै सोफामा लम्पसार पऱ्यो । हातमा टिभीको रिमोट कन्ट्रोल लियो र युट्युबको पोर्न साइटमा गएर 'ओके' थिच्यो । स्क्रिनमा विश्वविख्यात मोडेल इभा हिल्टन आफ्नो ब्याइफ्रेन्डसँग यौनक्रिया गरिरहेको दृश्य आयो ।*
>
> *'यु सुड डु लाइक द्याट।' रिचर्डले ऊतिर हेर्दै भन्यो। ऊ उठी र उसको काखमा गएर बसी। रिचर्डले एकएक गरी उसका सम्पूर्ण कपडाहरू फुकाल्यो। ऊ सर्वाङ्ग नाङ्गी भई* (२०६९ : ६०)।

प्रस्तुत अभिव्यक्तिले विभिन्न आशा र सपना बोकेर विदेशमा पुग्ने नेपाली चेलीहरूको कहालीलाग्दो परिवेशलाई देखाएको छ। विदेशमा आफ्नो कुनै अस्तित्व छैन, त्यहाँ दुःख छ र आफन्तहरू छैनन्। मानिस स्वार्थमा चुर्लुम्म डुबेका छन् भन्ने कुरा जान्दा–जान्दै पनि देशको परिवेश र परिस्थितिका कारणले विदेशिनेहरूको संख्या दिनानुदिन बढ्दो अवस्थामा छ। विदेशमा सबैलाई दुःख नभए पनि अधिकांशलाई दुःख छ। साना मुलुकमा कामको ठेगान छैन, गएपछि आउन चाहेर पनि आउन नसकिने परिवेश छ भने ठूला मुलुकमा स्थायी बसोबासको प्रमाण–पत्र नभएसम्म राम्रो काम नपाउने समस्याले पिरलेको छ। नेपालीहरूका लागि विदेश दुःखको महासागर बनेको छ। यो दृष्टिकोण नेपाली समाजमा आज आएर व्यक्तिविशेषको मात्र नभएर वर्गविशेषको चेतनाको उपजका रूपमा आएको छ। गणतन्त्रको आगमनपश्चात् एउटा कालखण्डमा सर्वव्यापी रूपमा यस्तै भएको सोच आम समाज र वर्गविशेषको चेतनाले महसुस गरेको छ। विदेशिने संस्कृति देशमा मौलाएको छ। विदेशमा पुरुषको तुलनामा नारीहरूले आफ्नो अस्मिताको रक्षा गर्न नसकेको र बाध्यात्मक परिवेश सिर्जित भएको यथार्थ सबैको सामु छ। यसैक्रममा समाख्याता भन्छन् :

*म तिम्रा लागि केही दिनको लोग्ने बन्न तयार छु। तिमी आज एक दिनको लागि रन्डी बन्न सक्तिनौ बेबी ? रिचर्ड आफ्ना खस्रा हातहरूले उसको नाङ्गो शरीरलाई दरफऱ्याउन थाल्यो।*
*यो मेरो साथी ज्याक र ममा केही फरक छैन बेबी। यसको घरमा म पनि पाहुना भएर गएको छु। यसकी पनि तिमीजस्तै स्वास्नी थिई तर ऊ तिमीझैँ रुन्चे थिइन, उदार मनकी आइमाई थिई। उसले दिल खोलेर मेरो स्वागत गरेकी थिई। ओहो ... त्यो रात सम्झिँदा ऐले पनि मेरो शरीरभित्र मुसो मार्न दौडिरहेको बिरालाको तीब्र उत्तेजना महसुस हुन्छ। रिचर्डले आफ्ना लुगा फुकाल्दै भन्यो* (२०६९ : ६३–६४)।

प्रस्तुत अभिव्यक्तिमा समाख्याताले सर्वसाधारण नेपाली महिलाको मानसिक अवस्थाको एकातिर चित्रण गरेका छन् भने अर्कोतिर उनीहरूले विदेशमा विदेशीहरूबाट खप्नु परेको पीडाको चित्रण गरेका छन्। यस अभिव्यक्तिमा पनि नेपाली सर्वसाधारण चेलीहरूलाई विदेशमा यस्तो स्थितिमा पुऱ्याउने परिस्थिति सिर्जना हुनुमा नेपाली राजनीति नै दोषी रहेको कुरालाई घुमाउरो पाराले अभिव्यक्त गरिएको छ। आफ्नै वनपाखामा गीत गाउँदै रम्ने एउटी सर्वसाधारण नेपाली नारी अनेकौँ सपनाका तुनेलाहरू बुन्दै अमेरिका पुग्दा उसले आफ्नो स्वाभिमानको रक्षा गर्न नसक्नुका पीडा र बाध्यता एकैसाथ कथामा आएका छन्। अमेरिकाजस्तो विश्वकै सम्पन्न मुलुकमा पुग्दा परिवारका सदस्य र छोराछोरी खुशी भए पनि स्वयम् एउटी नारीले भोगेका पीडाहरू कहालीलाग्दा छन्। थुप्रै धन कमाउने, परिवारका इच्छा, आकाङ्क्षालाई पूरा गर्ने र आफ्ना सन्ततिलाई राम्रो शिक्षादीक्षा दिएर असल मानिस बनाउने सपना बुन्दै विदेशको भूमिमा टेक्न पुगेका नेपाली नारीहरूले विदेशका दिगमिग लाग्ने व्यक्तिहरूसँग सामूहिक बलात्कृत हुनु पर्दाका पीडाहरूलाई कथाले राम्रोसँग चित्रण गरेको छ र उनीहरूको मानसिकता अनि उनीहरूमा उत्पन्न तनाव र दबावको स्थितिलाई देखाएको छ। नेपाली राजनीतिको बिग्रदो अवस्थाका कारणले सबै तह र तप्काका मानिसले आफूलाई विश्वका सम्पन्न मुलुकमा पुऱ्याउन साम, दाम, दण्ड, भेदको नीति अवलम्बन गर्दै तँछाड–मछाड गरेको अनुभूति वर्गचेतनामा रहे पनि आफ्ना इच्छा, आकाङ्क्षा, सुख र खुशीको लागि आफ्नो देश, आफ्नो समाज र आफ्नो परिवार नै हुनु पर्दछ। विदेशले दिने सुख क्षणिक हुन्छ। मान्छे भौतिक रूपमा सम्पन्न भए पनि विदेशमा मानसिक रूपमा सन्तुष्ट रहन सक्दैन। त्यहाँका मानिसले विदेशीलाई हेर्ने दृष्टिकोण भिन्न छ। उनीहरूले नेपाली महिलाहरूलाई खेलाउनाको रूपमा प्रयोग गर्दछन् र आफ्ना स्वार्थ पूरा भएपछि छोडिदिन्छन् भन्ने कुराको चर्चा कथामा यसरी आएको छ :

*उसले आफ्ना आँखा खोली। ऊ सोफामा नाङ्गै पल्टिरहेकी थिई। रिचर्ड र ज्याक कोठामा थिएनन्। टिभी खुल्ला थियो। स्क्रिनमा दुईटा रक्तपिपासु बाघहरू एउटा पोथी हरिणलाई लखेटीलखेटी मारिरहेका थिए। अचानक उसको मोबाइलमा घण्टी बज्यो। ऊ जुरुक्क उठ्न खोजी तर उसको शरीरका अङ्ग–प्रत्यङ्ग दुखिरहेको थियो। उसका हातखुट्टामा शक्ति थिएन तैपनि ऊ बलजफ्ती उठी। .... मलाई कहिले अमेरिका बोलाउनु हुन्छ मम्मी ? यस पटकको दशैँमा त बोलाउनुस् है। अब म तपाईंबिना एक्लै बस्न सक्तिन मम्मी ...* (२०६९ : ६४)

प्रस्तुत अभिव्यक्तिबाट नेपाली महिलाहरूले अमेरिकाजस्तो सम्पन्न राष्ट्रमा भोगेका भोगाइको यथार्थ रूपमा चित्रण गरेको छ। सम्पन्न राष्ट्र नेपालजस्तो विपन्न मुलुकका जनताका छोराछोरीलाई आशाको केन्द्र भए पनि त्यहाँ पुगेका नेपाली महिलाहरूले अनेकौँ यातना भोगेका छन्। आफ्नो अस्मितालाई गुमाएका छन् र एउटी नारी अनेकौँ व्यक्तिको सिकार हुँदै रन्डी बन्न बाध्य छन्। कथामा दुईटा बाघले एउटा हरिणलाई लखेटी–लखेटी मारेझैँ भन्ने प्रतीकात्मक अभिव्यक्तिझैँ आफ्नो अस्मिता गुमाएर पनि उनीहरूले अमेरिकाको स्थायी बसोबासको प्रमाण–पत्र पाउन सकेका छैनन्। अमेरिकाको स्थायी बसोबासको प्रमाण–पत्र नपाउनु भनेको उनीहरूका सम्पूर्ण सपनामा तुषारापात हुनु हो। यो परिस्थिति एउटा व्यक्तिविशेषमा वा नारीमा मात्र नभएर यस्ता र यस्तै प्रकृतिका कैयौँ घटना पुरुषहरूमा पनि भएका छन्। रातभरि वा वर्षभरि एउटी नारीको शोषण गरेर अन्त्यमा उसलाई एक्लै र अचेत अवस्थामा छोडेर जानुबाट पनि विदेशको कहाली लाग्दो अवस्था र यस कालखण्डको यथार्थको बोध गर्न सकिन्छ। वर्तमान कालखण्डमा विदेशमा जाने र अनेकौँ दुःख र यातना पाउने घटनाहरू भैरहेका छन्, हुँदै

छन् र हुने छन्। यसरी देशमा भएको आमूल परिवर्तनपश्चात् देशको हितको लागि जनताले बगाएको रगतको फलस्वरूप प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र आइसकेको परिवेशमा सर्वसाधारण नेपालीहरूका हक, अधिकार राजनीति गर्ने र सत्ताको बागडोर समात्ने व्यक्तिहरूले लिँदै उनीहरूका सपनालाई साकार पार्दै विदेशिने प्रवृत्तिलाई रोक्दै स्वदेशमा नै उद्योग–धन्दा, रोजगारीको व्यवस्था गर्नु आजको महत्त्वपूर्ण पक्ष र चुनौती हो। विदेश पलायन हुनुभन्दा आफ्ना हक र अधिकारको सुनिश्चित गर्नु सम्पूर्ण सचेत नागरिकको दायित्व पनि हो। जबसम्म आफ्नै देशमा गरेर खाने र आफ्नै परिवारसँग रमेर बस्ने परिवेश बन्दैन तबसम्म राष्ट्रियताले मूर्तरूप लिन सक्दैन। सम्पूर्ण नेपालीका इच्छा, आकाङ्क्षा र सपनालाई पूरा गर्न जिम्मेवार पदमा बसेका व्यक्तिहरूले आफ्नो निहित स्वार्थलाई त्यागेर राष्ट्रिय भावनालाई र जनताका इच्छालाई सर्वोपरि ठानेर विकासका काममा लाग्नुपर्दछ। त्यसबाट मात्र नेपालीहरू विदेशमा गएर आत्म स्वाभिमानलाई बेच्ने र रुने परिवेशको अन्त्य हुन सक्छ भन्ने अभिप्राय नै 'कन्ट्र्याक्ट' कथाको मार्मिक यथार्थ हो। यो विदेशिने नेपालीहरूले तनाव र दबावको अवस्थामा बाँच्दै दुःख पाउने परिवेशको अन्त्य र राष्ट्र र जनताको सर्वोपरि विकास नै कथाको समूह र वर्गचेतनाको विश्वदृष्टि पनि हो।

## ५. निष्कर्ष

प्रस्तुत कथालाई समाजशास्त्रका विभिन्न हाँगाहरूमध्ये लुसिए गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टिका आधारमा विश्लेषण गरेर हेर्न कथाकारले यस कथामा परिवर्तित व्यवस्थाले जनताका इच्छा, आकाङ्क्षालाई सम्बोधन गर्न नसकेका कारणले गर्दा नेपाली जनताहरू विदेशिन बाध्य भएको यथार्थको चित्रण गरेको देखिन्छ। देशमा राजनीतिक परिवर्तनपश्चात् विकासका ठूलाठूला सम्भावना हुँदाहुँदै पनि सत्ताको होडबाजी र आफ्नो स्वार्थसिद्ध गर्ने खेलमा नेताहरू लागेकाले जनताका इच्छा, आकाङ्क्षामा तुषारापात हुन पुगेकाले नेपालीहरू विदेशमा भासिँदै अनेकौँ यातना भोगेको कुरालाई कथामा सशक्त रूपमा प्रस्तुत गरिएको छ। विश्वका ठूला र सम्पन्न देशमा ऋणधन गरी आफ्ना छोराछोरीलाई पठाएर अनेकौँ सपना देख्दै नेपालमा बस्ने आमाबाबु र छोराछोरी खुशी भए पनि यथार्थमा विदेशमा जाने व्यक्तिले अनेकौँ दुःख, कष्ट भोग्नु परेको सन्दर्भलाई कथाले उठाएको छ। महिलाहरू जुनसकु मुलुकमा पुगे पनि उनीहरूको अस्मिताको रक्षा हुन सकेको छैन। उनीहरूले आफ्ना र परिवारका सपनालाई साकार पार्न जस्तोसुकै परिस्थितिलाई झेल्न अगाडि बढे पनि उनीहरूका सपना साकार बन्न सकेका छैनन् भन्ने कुरालाई कथामा देखाइएको छ। यसरी जुनसुकै र जतासुकै देखिएको विदेशिने होडबाजीले देश खोक्रो पारिसकेको छ। आफ्नो देशमा काम नपाएर विदेशिनु पर्ने स्थिति देशमा सिर्जित छ। यो राम्रो कुरा होइन। विदेशिने प्रवृत्तिले सर्वसाधारण नेपाली जनता, महिला, सीमान्तकृतवर्ग, पिछडावर्ग कसैको पनि हित नभएर दुःख मात्र हुने कुरा कथामा वर्णित छ। त्यसैले अबका दिनमा विदेशिने संस्कृतिलाई पन्छाउँदै आफ्नै देशमा उद्योग–धन्दाको विकास गर्दै सबै नेपालीले यहाँ नै रोजगारीको अवसर प्राप्त गरेर स्वदेशमा नै परिवारसँग रम्दै आफ्नो भाषा, संस्कृतिमा खुशी हुँदै आत्मसम्मानका साथ बाँच्न पाउने परिवेश सिर्जित हुन सकोस्, यही नै आजको आवश्यकता पनि हो र कथाको मुख्य सन्देश पनि हो।

## सन्दर्भसामग्री सूची

उप्रेती, सञ्जीव. २०६८. **सिद्धान्तका कुरा**. काठमाडौँ : अक्षर क्रियासन्स.।

क्षत्री, उदय. २०६४. 'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन'. अप्रकाशित विद्यावारिध शोधप्रबन्ध. काठमाडौँ : त्रिभुवन विश्वविद्यालय. मानविकी तथा सामाजिक शास्त्र सङ्काय.।

गोल्डमान, सुसिए. इ १९८१. **मेथड्स इन द सोसोलोजी अफ लिटरेचर**. न्यूवर्क : अक्सफोर्ड.।

जैन, निर्मला. इ १९९२. **साहित्यकी समाजशास्त्रीय चिन्तन** (दो.सं.). नयी दिल्ली : दिल्ली विश्वविद्यालय.।

पाण्डेय, मैनेजर. इ. २००६. **साहित्यकी समाजशास्त्र की भूमिका**. हरियाणा : साहित्य अकादमी.।

शाह, महेशविक्रम. २०६९. **ज्याक्सन हाइट**. काठमाडौँ : फाइनप्रिन्ट आइएनसी.।